नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
राष्ट्रिय किताबखाना
(शिक्षक)
म्युजियम मार्ग, छाउनी, काठमाण्डौ ।

फोन नं.:- (४२८३०२३
(४६७०७५७
(४६७२८२३
फ्याक्स:- (४२८४९००

प.सं. ०७८/७९
च.नं. १९२६४
श्री शिक्षा विकास तथा समन्वय इकाई
७७ जिल्ला ।

मितिः- २०७९-०२-१२

विषय : जानकारी गरीई विवरण पठाई दिने सम्बन्धमा ।

उपरोक्त विषयमा नागरिक लगानी कोष केन्द्रिय कार्यालयबाट तपसिल बमोजिमको सूचना सवै शिक्षा विकास तथा समन्वय इकाईहरू मार्फत विद्यालय शिक्षकहरू समक्ष संप्रेषण गरिदिन अनुरोध भै आयकोले सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

०७९।१२।१२
रामराज खकुरेल
(का.मु.उपमहानिर्देशक)

सामुदायिक विद्यालयका शिक्षकहरूलाई नागरिक लगानी कोषको अन्यन्त जरूरी सूचना ।

सामुदायिक विद्यालयका शिक्षकहरुले विमा वापतको रकम प्रतिमहिना व्यक्तिगततर्फबाट रु. ४००।-र नेपाल सरकारको तर्फबाट रु.४००।-गरी प्रतिमहिना जम्मा रु.८००।- नागरिक लगानी कोषमा नियमित रुपमा जम्मा गरी विमा गर्ने व्यवस्था रहेकोमा देहायका केहि शिक्षकहरुको जन्म मिति र संकेत नं. (सिटरोल नं.) उपलब्ध नभएको कारण राष्ट्रिय विमा संस्थानबाट विमा पोलीसी जारी हुन नसकि शिक्षकहरु विमा सुविधाबाट बञ्चित हुने अवस्था आएको छ । तसर्थ, देहायका शिक्षकहरुले नागरिक लगानी कोषको परिचय-पत्र बनाई उक्त जन्म मिति र संकेत नं. अद्यावधिक गर्नु हुन अनुरोध गरिन्छ।शिक्षक कर्मचारीको सुबिधाको लागि तल उल्लेखित ढाचामा आफ्नो बिबरण सम्बंधित विद्यालय मार्फत कोषको इमेल ठेगाना **tbeema@nlk.org.np** मा पठाई अध्यावधिक गर्ने व्यवस्था मिलाइएको छ।

प्रत्येक शिक्षक कर्मचारीको बिमाशुल्क अग्रिम रुपमा बिमा संस्थानमा पठाउनु पर्नेहुदा पारिश्रमिक बितरण हुदाकै बखत विमा वापतको रकम देहायका बैंकहरुमा रहेको कोषको खाताहरु मध्ये कुनै एक खातामा रकम जम्मा गरी सो को सक्कल भौचर र फाँटवारी कोषमा छिट्टै प्राप्त हुने गरि पठाई बिमा कार्यक्रमबाट पाउने लाभ लिनुहुन अनुरोध छ । समयमै बिमाशुल्क कोषमा प्राप्त नहुदा बिमाशुल्क बिमा संस्थानमा पठाउन नसकिने भएकोले यस्तो अवस्थामा यस कार्यक्रमको सुबिधाबाट शिक्षक कर्मचारी बन्चित हुने व्यहोरा समेत अनुरोध गरिन्छ । साथै सो सम्बन्धमा थप जानकारी लिनु परेमा नागरिक लगानी कोषको सम्पर्क नं. ०१-५९७०२०१, Ext no १२५ र १३४ मा सम्पर्क गर्नु हुन अनुरोध छ ।

शिक्षकहरूले रकम दाखिला गर्नु पर्ने बैंक खाता विवरण

क्र.सं.	खातावालाको नाम	बैंकको नाम	खाता नं.
१	नागरिक लगानी कोष, शिक्षक विमा कोष	राष्ट्रिय बाणिज्य बैंक, टेकु, काठमाण्डौ	१७००१०००००००७००६
२	नागरिक लगानी कोष, शिक्षक विमा कोष	नेपाल बैंक ली., धर्मपथ, काठमाण्डौ	००२००१००५१२४४९०००००१

विमा पोलिसी जारी नभएको शिक्षकहरूको विवरण यस किताबखानाको website **www.stro.gov.np** मा र शिक्षा विकास तथा समन्वय इकाईहरूको इमेलमा राखि सो विवरणमा नागरिक लगानी कोष नं. शिक्षकहरूलाई उपलब्ध गराइएको छ सो नम्बर प्राप्त गरी तपसिल बमोजिमको ढाचामा भरी कोषको इमेल ठेगाना **tbeema@nlk.org.np** मा पठाउनु हुन अनुरोध छ ।

नगरिक लागानी कोष नं	संकेत नं.	शिक्षकको नाम	विद्यालय कोड	विद्यालयको नाम	नियूक्ति मिति	जन्ममिति	मोवाइल नं